प्रदेश सरकार

कृषि मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश [illegible] बिराटनगर

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा

# प्रस्ताव आव्हान सम्बन्धि सूचना

दोश्रो पटक प्रकाशित मिति २०७९/०५/३१

दरखास्त पेश गर्ने अन्तिम मिति २०७९/०६/०६

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ बमोजिमका शर्तहरु पालन गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि मिति २०७९/०५/०६ गते प्रथम पटक प्रकाशित सूचनामा पर्याप्त प्रस्ताव नपरेको हुँदा पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र धनकुटा तथा तेह्रथुम जिल्लाका इच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन अनुरोध छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८०/०२६-५२२२८३, सम्पर्क केन्द्र तेह्रथुमको फोन नं. ०२६-४६०१२७ मा सम्पर्क राख्नु हुन वा कार्यालयको वेभसाईट vhlecdhankuta.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रमको विवरणः-

| क.सं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | | उपलब्ध हुन सक्ने प्रति इकाइ अधिकतम अनुदान रकम | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ संग सम्बन्धित को बुदा नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | धनकुटा | तेह्रथुम | | | |
| १ | द्वन्द पिडित पशुपन्छी पालन कार्यक्रम | संख्या | ७ | ० | कुल लागतको ७५% वा वढीमा ३ लाख सम्म | प्रदेश कृषि मन्त्रालयले तोके बमोजिम | नेपाल सरकारबाट उपलब्ध गराइएको द्वन्द पिडित भएको प्रमाणपत्र लिएका व्यक्ति वा परिवार |
| २ | दुध उत्पादनका आधारमा अनुदान | पटक | १ | १ | प्रति लिटर रु.२ रुपैया मात्र | परिच्छेद ४ को बुदा नं. ८ अनुसार | |

प्रस्ताव साथ सम्मिलित हुनु पर्ने कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।

२. आवेदन दस्तुर व्यक्तिगत भएमा रु. १००।- र संस्थागत भएमा रु. २००।- तथा कुल ५० लाख वा सो भन्दा माथि कुल लागत भएको आयोजनाको लागि रु. ५००।–

३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

४. कार्यक्रम संचालनको लागी तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।

लोकनाथ ढुंगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख

५. कार्यक्रम कार्यान्वयन स्थलको स्वामित्व जग्गाको धनिपुर्जा प्रतिलिपी, तिरो तिरेको रसिद र नक्सा ।

६. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको आधिकारिक करारनामा सम्झौता पत्र र मालपोत तिरेको रसिद

७. एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मंजुरीनामा पत्र र मंजुरीनामा दिन र लिनेको नागरिकताको प्रतिलिपी ।

८. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/संस्था/व्यवसाय दर्ता/ नविकरण/ पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

९. समुह/समिति/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी ।

१०.अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ताको प्रतिलिपी ।

११.लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

१२.विगत ३ बर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र ।

१३.स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।

१४.पशुपन्छी बिमाको कागजात ।

१५.नियामावली तथा मापदण्डमा उल्लेख भए अनुसार माग भए बमोजिमका थप कागजातहरु ।

नोटः

१. निवेदन तथा व्यवसायिक योजनाको ढाँचा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुमबाट प्राप्त गर्न सक्नुहुनेछ ।

२. आवेदन पेश गर्न सक्ने स्थानः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र तेह्रथुम ।

३. दुध उत्पादनका आधारमा अनुदान कार्यक्रममा ३ बर्षको अनुदान लिएका संस्थाले पनि आवेदन दिन पाउनेछ ।

लोकनाथ ढुंगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख